निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

मिति: २०७८।१।६

# प्रेस विज्ञप्ती

## लगातार तीन आर्थिक वर्षसम्म लेखा परीक्षण प्रतिवेदन नबुझाउने राजनीतिक दलहरूलाई स्पष्टीकरण सहित सफाई पेश गर्न समय दिइएको ।

नेपालको संविधानको धारा २६९ तथा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४ बमोजिम आयोगमा दर्ता भएका राजनीतिक दलहरूले राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४० को उपदफा (१) बमोजिम दलले आफ्नो आय र व्ययको वास्तविक हिसाब किताब देखिने गरी लेखा राख्नु पर्ने, दफा ४० को उपदफा (२) मा उपदफा (१) बमोजिम अभिलेख राख्ने प्रयोजनको लागि दलले जिम्मेवार पदाधिकारी तोकी त्यसको जानकारी आयोगलाई गराउनु पर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ४१ को उपदफा (१) मा दलले आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र आफ्नो आय र व्ययको लेखा परीक्षण कानून बमोजिम इजाजत प्राप्त लेखा परीक्षकबाट लेखा परीक्षण गराई एक महिनाभित्र आयोगमा पेश गर्नु पर्ने, दफा ४१ को उपदफा (२) मा उपदफा (१) बमोजिमको लेखा परीक्षण प्रतिवेदनमा तोकिए बमोजिमका विवरण उल्लेख भएको हुनु पर्ने, दफा ४१ को उपदफा (३) मा उपदफा (१) बमोजिमको अवधि समाप्त भएको पैंतालीस दिनभित्र आयोगले त्यस्तो दललाई त्यसरी लेखा परीक्षण प्रतिवेदन पेश नगर्नुको कारण खुलाई स्पष्टीकरण पेश गर्न लिखित रुपमा वा विद्युतीय वा अन्य सञ्चार माध्यमबाट आदेश दिन सक्ने, दफा ४१ को उपदफा (४) मा उपदफा (३) बमोजिमको अवधिभित्र सम्बन्धित दलले स्पष्टीकरण पेश गर्नु पर्नेछ भन्ने कानूनी व्यवस्था रहेको छ ।

राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५४ को उपदफा (५) को देहाय (क) ले सोही ऐनको दफा ४० बमोजिम लेखा नराखेमा, दफा ४१ को उपदफा (१) बमोजिम लेखापरीक्षण नगराएमा वा लेखा परीक्षण प्रतिवेदन आयोगमा नबुझाएमा वा उपदफा (४) बमोजिम स्पष्टीकरण पेश नगरेमा बीस हजार रुपैयासम्म जरिवाना गर्न सक्ने व्यवस्था गरेको छ । त्यसैगरी लगातार तीन वर्षसम्म लेखा परीक्षण प्रतिवेदन आयोगमा नबुझाउने राजनीतिक दललाई आयोगले राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५४ को उपदफा (१) बमोजिम पचास हजार रुपैयासम्म जरिवाना गर्नुका साथै त्यस्तो दललाई त्यस्तो काम कारवाही छ महिनाभित्र सच्याउन आदेश दिन सक्ने, सोही ऐनको दफा ५४ को उपदफा (१) बमोजिमको जरिवाना नबुझाएमा वा उपदफा (२) बमोजिमको अवधिभित्र कामकारवाही नसच्याएमा त्यस्तो दललाई आयोगले तत्काल हुने एक निर्वाचनमा भाग लिन नपाउने गरी आदेश दिन सक्ने व्यवस्था छ । साथै राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५४ को उपदफा (४) ले उपदफा (१) बमोजिमको कसूर एक पटक भन्दा बढी गरेमा वा उपदफा (२) बमोजिम दिएको आदेश एक वर्षभित्र पालना नगरेमा वा तोकिएको जरिवाना नबुझाएमा आयोगले त्यस्तो दलको दर्ता सोही ऐनको दफा १२ बमोजिम खारेज गर्न सक्ने समेत व्यवस्था रहेको सन्दर्भमा आयोगमा हालसम्म दर्ता कायम रहेका राजनीतिक दलहरूको विवरण अध्ययन गर्दा देहायका राजनीतिक दलहरूले राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५४ को उपदफा (१) को खण्ड (घ) बमोजिम लगातार तीन आर्थिक वर्षसम्म लेखापरीक्षण प्रतिवेदन आयोगमा बुझाएको नदेखिएकोले देहायका दलहरूलाई सोही ऐनको दफा ५४ को उपदफा (८) बमोजिम सबै व्यहोरा खोली देहायका


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

निर्वाचन आयोग नेपाल २०२३

प.सं. च.नं./Ref:

प्रश्नहरूको औचित्यपूर्ण र चित्तबुझ्दो कारण सहित सात दिन भित्र स्पष्टीकरण सहितको सफाई पेश गर्न सम्बन्धित दलहरूलाई समय दिने गरी आयोगबाट देहाय बमोजिम निर्णय भएको छ ।

१. राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४० बमोजिम आफ्नो दलको आय र व्ययको वास्तविक हिसाव किताब देखिने गरी लेखा राखिएको छ छैन ? राखिएको छैन भने के कति कारणले नराखिएको हो ? राखिएको छ भने सोको विवरण पेश गर्ने ।

२. राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४१ मा भएको कानूनी व्यवस्था बमोजिम दलको आय व्ययको विवरण लेखा परीक्षण गराई तोकिएको समयावधि भित्रै आयोगमा पेश गर्नुपर्नेमा आर्थिक वर्ष २०७३।७४ देखि २०७६।७७ सम्म लगातार तीन आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन आयोगमा पेश गरेको नदेखिएकोले के कति कारणले पेश नगर्नु भएको हो ? सोको औचित्यपूर्ण कारण सहित स्पष्ट जवाफ पेश गर्ने ।

३. राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४० को उपदफा (१) बमोजिमको लेखा नराख्नु र सोही दफा ४० को उपदफा (२) बमोजिम दलको लेखा राख्ने प्रयोजनको निम्ति जिम्मेवार पदाधिकारी तोकी आयोगलाई जानकारी नगराउनु तथा सोही ऐनको दफा ४१ को उपदफा (१) बमोजिम आफ्नो दलको आय व्ययको लेखापरीक्षण नगराई आयोगमा पेश नगर्नु तथा सोही ऐनको दफा ४१ को उपदफा (५) बमोजिम लेखापरीक्षण प्रतिवेदन सार्वजनिक नगर्नु आदी जस्ता कार्य प्रचलित कानून विपरितको कार्य हुन होइनन ? के कति कारणले राजनीतिक दल सम्बन्धी ऐन, २०७३ मा भएका विभिन्न व्यवस्थाको अवज्ञा गर्नु भएको हो ? स्पष्ट गर्ने ।

४. राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५४ को उपदफा (१) को खण्ड (घ) बमोजिम लगातार तीन वर्ष सम्म लेखा परीक्षण प्रतिवेदन आयोगमा नबुझाएमा आयोगले त्यस्तो दललाई पचास हजार रूपैयासम्म जरिवाना गर्न सक्ने कानूनी व्यवस्था भएकोले उक्त जरिवाना किन नगर्ने ? स्पष्ट गर्ने ।

५. माथि उल्लिखित प्रकरण नं १, २, ३. र ४. बमोजिम आ.व. २०७४/७५ देखि आ.व. २०७६/७७ सम्म लगातार तीन आर्थिक वर्षको आय व्ययको लेखापरीक्षण प्रतिवेदन आयोगमा नबुझाउने देहायका राजनीतिक दलहरूलाई सूचना प्रकाशन भएको ७ (सात) दिनभित्र स्पष्टिकरण सहितको सफाई पेश गर्न समय दिने ।

आर्थिक वर्ष २०७४/७५ देखि आर्थिक वर्ष २०७६/७७ सम्म लगातार तीन आर्थिक वर्षको आय व्ययको लेखापरीक्षण प्रतिवेदन नबुझाउने राजनीतिक दलहरुको नामावली

| क्र. सं | दल दर्ता नं | राजनीतिक दलको नाम | आर्थिक वर्ष | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | २०७४।०७५ | २०७५।०७६ | २०७६।०७७ | |
| १ | ९ | राष्ट्रिय त्रिमूल बहुजन समाजवादी पार्टी | × | × | × | |
| २ | १४ | नेपाली ग्रिन्स पार्टी | × | × | × | |
| ३ | ३० | राष्ट्रिय जनएकता पार्टी | × | × | × | |
| ४ | ३३ | हाम्रो पार्टी | × | × | × | |
| ५ | ४० | नयाँ संघीयता जनधारणा पार्टी | × | × | × | |
| ६ | ४२ | मातृभूमी नेपाल पार्टी | × | × | × | |
| ७ | ५० | नेपाल नागरिक पार्टी | × | × | × | |
| ८ | ५६ | नागरिक समाजवादी पार्टी | × | × | × | |


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

प.सं. च.नं./Ref:

| क्र. सं | दल दर्ता नं | राजनीतिक दलको नाम | आर्थिक वर्ष | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | २०७४।०७५ | २०७५।०७६ | २०७६।०७७ | |
| ९ | ६० | देशभक्त पर्यावरणीय सामाजिक (देपसा) | × | × | × | |
| १० | ६५ | नेपाल न्यायिक दल | × | × | × | |
| ११ | ६८ | अखण्ड नेपाल पार्टी | × | × | × | |
| १२ | ६९ | लोक दल | × | × | × | |
| १३ | ७२ | यूवा शक्ति नेपाल पार्टी | × | × | × | |
| १४ | ७४ | हाम्रो नेपाल पार्टी | × | × | × | |
| १५ | ७५ | राष्ट्रिय चुरेभावर पार्टी | × | × | × | |
| १६ | ७७ | राष्ट्रिय शिवसेना पार्टी | × | × | × | |
| १७ | ८१ | श्रमिक जनता पार्टी–नेपाल | × | × | × | |
| १८ | ८२ | नेपाः राष्ट्रिय पार्टी | × | × | × | |
| १९ | ८६ | नेपाल प्रजातान्त्रिक प्रगतिशिल पार्टी | × | × | × | |
| २० | ८७ | मधेश समता पार्टी नेपाल | × | × | × | |
| २१ | ८९ | नेपाली काँग्रेस राष्ट्रवादी | × | × | × | |
| २२ | ९० | चुरेभावर राष्ट्रिय पार्टी | × | × | × | |
| २३ | ९१ | हिन्दु प्रजातान्त्रिक पार्टी | × | × | × | |
| २४ | ९२ | राष्ट्रिय पुनर्जागरण पार्टी | × | × | × | |
| २५ | ९३ | युवा नेपाल पार्टी | × | × | × | |
| २६ | ९४ | पिछडावर्ग निषाद दलित जनजाती पार्टी | × | × | × | |
| २७ | ९५ | लिबरल डेमोक्रेटिक पार्टी | × | × | × | |
| २८ | ९६ | नयाँ पिपुल्स पार्टी | × | × | × | |
| २९ | ९८ | नेपाल लोकतान्त्रिक जनता काँग्रेस | × | × | × | |
| ३० | १०१ | संयुक्त राष्ट्रिय जनपरिषद् नेपाल | × | × | × | |
| ३१ | १०२ | नेपाल गणतान्त्रिक एकता पार्टी | × | × | × | |
| ३२ | १०३ | तराई पहाड हिमाल समाज पार्टी | × | × | × | |
| ३३ | १०४ | चुरेभावर राष्ट्रिय एकता पार्टी नेपाल | × | × | × | |
| ३४ | १०७ | राष्ट्रिय जनता दल नेपाल | × | × | × | |
| ३५ | १०८ | लोक कल्याणकारी जनता पार्टी नेपाल | × | × | × | |
| ३६ | ११३ | बौद्धिक जनतान्त्रिक परिषद, नेपाल | × | × | × | |
| ३७ | ११५ | राष्ट्रिय श्रमिक नागरिक पार्टी | × | × | × | |
| ३८ | ११६ | मूलबासी मुक्ति पार्टी | × | × | × | |
| ३९ | ११७ | देशभक्त लोकतान्त्रिक पार्टी | × | × | × | |
| ४० | १२० | संघीय लिम्बुवान, नेपाल | × | × | × | |
| ४१ | १२३ | नेपाल श्रमिक शक्ति पार्टी | × | × | × | |
| ४२ | १२६ | किरात खम्बुवान लोकतान्त्रिक पार्टी | × | × | × | |
| ४३ | १३१ | संघीय खम्बुवान लोकतान्त्रिक पार्टी | × | × | × | |
| ४४ | १३३ | दलित मुस्लिम जनशक्ति पार्टी | × | × | × | |
| ४५ | १४३ | जनता पार्टी | × | × | × | |
| ४६ | १४४ | आजाद जनता पार्टी | × | × | × | |

२०७८।१।६

(राजकुमार श्रेष्ठ)

सहसचिव एवं प्रवक्ता



कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्सः (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np